नेपाल सरकार
जलस्रोत मन्त्रालय
**विद्युत विकास विभाग**
अनामनगर, काठमाण्डौं

१०० देखि १००० किलोवाट क्षमतासम्मका जलविद्युत आयोजना बारेको

# सार्वजनिक सूचना

१०० देखि १००० किलोवाटसम्मका जलविद्युत आयोजनाहरुको जलस्रोत ऐन, २०४९ बमोजिम अनुमतिपत्र लिनु पर्ने वा विद्युत ऐन, २०४९ बमोजिम विद्युत विकास विभाग मार्फत सचिव, जलस्रोत मंत्रालयलाई जानकारी दिए पुग्ने समेतका सम्बन्धमा नेपाल सरकार, जलस्रोत मंत्रालयको मिति २०५९।१०।२३ को निर्णय अनुसार सर्वसाधारणको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

१. विद्यूत ऐन, २०४९ ले जलविद्यूतको सर्वेक्षण तथा उपयोगको अनूमतिपत्र सम्बन्धी छुट्टै व्यवस्था गरेको हूनाले जिल्ला जलस्रोत समितिले विद्यूत उत्पादनका क्षेत्रलाई समेट्ने गरी अनूमतिपत्र प्रदान गर्न नमिल्ने । उक्त समितिले जलस्रोत उपयोगको अन्य क्षेत्रको हकमा मात्र व्यहोरा प्रष्ट उल्लेख गरी अनूमतिपत्र प्रदान गर्ने ।

२. विद्यूत ऐन, २०४९ अनूसार मंत्रालयबाट विद्यूत सर्वेक्षण वा उत्पादनको अनूमतिपत्र लिएपछि वा १००० किलोवाटसम्म क्षमताको विद्यूत उत्पादनको हकमा विभाग मार्फत मंत्रालयमा जानकारी दिइसकेपछि जिल्ला जलस्रोत समितिबाट जलस्रोत उपयोग सम्बन्धी पून: अर्को अनूमति लिइ रहन आवश्यक नपर्ने ।

३. स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले आफ्नो क्षेत्रभित्रको कूलो पानी सम्बन्धी विवादमा निर्णय दिने अधिकार सम्बन्धित गाउं विकास समिति वा नगरपालिकालाई प्रदान गरेको हूंदा पछिसम्म यस सम्बन्धी विवाद नआओस् भन्ने अभिप्रायले कूनै व्यक्ति वा संस्थाले जलस्रोतको उपयोगका लागि जिल्ला जलस्रोत समितिमा अनूमतिपत्र प्रदान गर्दा वा विद्यूत उत्पादनको लागि मंत्रालयमा अनूमतिपत्र माग गर्दा तथा जानकारी गराउंदा सम्बन्धित गाउं विकास समिति वा नगरपालिकाको सिफारिस अनिवार्य रुपमा संलग्न राख्नू पर्ने र सम्बन्धित गा.वि.स. वा नगरपालिकाले यस्तो सिफारिसको १ प्रति सम्बन्धित जिल्ला जलस्रोत समितिलाई पठाउनू पर्ने ।

४. एउटै जलस्रोत क्षेत्रमा जलस्रोतको अन्य उपयोगका लागि जिल्ला जलस्रोत समितिबाट र जलविद्यूत उत्पादनको हकमा विद्यूत विकास विभाग मार्फत अनूमतिपत्र प्रदान हून सक्ने स्थिति नआओस् भन्नका निम्ती जिल्लाले अनूमति दिएकोमा विभागलाई र विभाग मार्फत अनूमति प्रदान भएकोमा जिल्ला जलस्रोत समितिलाई तत्कालै जानकारी दिने र त्यस्तो कारवाही गर्दा समेत एक अर्को निकायमा बूझेर मात्र अनूमतिपत्र प्रदान गर्ने ।

५. जलस्रोतको उपयोग वा विद्यूतको उतपादनको लागि एउटै जलस्रोत क्षेत्रमा एकभन्दा बढी व्यक्ति वा संस्थाको निवेदन पर्न आएमा रीतपूर्वक परेको अघिल्लो निवेदनले अग्राधिकार पाउने र पछि परेको निवेदन उपर कारवाही नहूने । एकै क्षेत्रमा दोहोरो निवेदन परेमा पछि निवेदन दिने संस्था वा व्यक्तिलाई तत्कालै जानकारी गराइने ।